गौरादह राजपत्र

गौरादह नगरपालिकाद्धारा प्रकाशित

मिति २०८३/०३/०७

गौरादह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
गौरादह, झापा ।

गौरादह नगर अस्पतालमा कार्यरत कर्मचारीहरुको प्रोत्साहन सुविधा तथा आचरण सम्बन्धी कार्यविधि, २०८०

प्रमाणीकरण मितिः २०८०/०९/१६
प्रथम संसोधन प्रमाणीकरण मिति-२०८२/०६/२२
दोश्रो संसोधन प्रमाणीकरण मिति-२०८३/०३/०७

प्रस्तावनाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(झ) अनुसार गौरादह नगरपालिका क्षेत्रभित्र स्वास्थ्य सेवालाई गुणस्तरीय एवम् पहुँचयोग्य बनाउन, गौरादह नगर अस्पतालमा कार्यरत कर्मचारीहरुको मनोबल बढाई सेवा प्रवाहमा प्रभावकारिता हासिल गर्न तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा व्यवस्थित गर्न बाञ्छनीय भएकोले गौरादह नगरपालिकाले देहाय बमोजिमको कार्यविधि जारी गरेको छ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "गौरादह नगर अस्पतालका कर्मचारीहरुको प्रोत्साहन सुविधा तथा आचरण सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाःविषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कर्मचारी" भन्नाले गौरादह नगर अस्पतालमा कामकाज गर्ने कर्मचारीलाई जनाउनेछ ।

(ख) "चिकित्सक" भन्नाले अस्पतालमा कार्यरत नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका बिशेषज्ञ डाक्टर र मेडिकल अधिकृतलाई जनाउनेछ।

(ग) "स्वास्थ्यकर्मी" भन्नाले सम्वन्धित बिषयगत परिषदमा दर्ता भई अस्पतालमा कार्यरत पारामेडिक्स, नर्सिङ, मेडिकल ल्यावरेटोरी, फार्मेसी सहायक, रेडियोग्राफर, फिजियोथेरापिष्ट, अप्थाल्मिक टेक्निसियन/सहायक, अडियोमेट्रिक्स तथा डेण्टल सहायक लगायतका स्वास्थ्यकर्मीहरुलाई जनाउनेछ ।

(घ) "अस्पताल" भन्नाले गौरादह नगर अस्पताललाई जनाउनेछ।

(ङ) "कार्यपालिका" भन्नाले गौरादह नगरपालिकाको नगर कार्यपालिकालाई जनाउनेछ।

(च) "प्रोत्साहन भत्ता" भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराउने मौद्रिक र गैर मौद्रिक प्रोत्साहनलाई जनाउनेछ ।

(छ) "आचरण" भन्नाले नगर अस्पतालमा कार्यरत व्यक्तिले पालना गर्नुपर्ने पेशागत आचारसंहिता वा कर्तव्यलाई जनाउनेछ ।

३. अस्पतालको कार्यालय समयः

(क) अस्पतालको नियमित बहिरंग सेवा नेपाल सरकारले तोके बमोजिमको कार्यालय समयमा सञ्चालन हुनेछ । कार्यपालिकाले आवस्यकता अनुसार कार्यालय समय थपघट गर्न सक्नेछ |

(ख) अस्पतालको स्वास्थ्य सेवा २४सै घण्टा सञ्चालन हुनेछ ।

४. अस्पतालको नियमित आय गणना र प्रोत्साहन सुविधा

(१) यस कार्यविधि अनुसार प्रोत्साहन सुविधा प्रदान गर्ने प्रयोजनको लागि अस्पतालको नियमित आय गणना गर्दा देहाय बमोजिमको आय समावेश गरिनेछ-

क. ओपिडी/इमर्जेन्सी पूर्जा शुल्क
ख. ल्याब शुल्क
ग. Ultra sound/ Eco-Cardiogram र एक्स-रे शुल्क
घ. ई.सि.जी. शुल्क
ङ. ड्रेसिङ शुल्क
च. इमर्जेन्सी प्रोस्युडर शुल्क
छ. बिमा सेवा बापतको शुल्क
ज. सामान्य शल्यक्रिया, मध्यम शल्यक्रिया तथा जटिल शल्यक्रिया शुल्क

(२) यस कार्यविधि अनुसार प्रदान गरीने प्रोत्साहन सुविधाका लागि खर्च हुने रकम अनुसुची १ बमोजिम हुने छ ।

(३) यस कार्यविधि अनुसार कर्मचारीलाई प्रदान गरिने प्रोत्साहन सुविधा अनुसूची- २ को आधारमा वितरण गरिनेछ |

(४) यसकार्यविधि अनुसार कर्मचारीलाई प्रदान गरीने प्रोत्साहन सुबिधा प्राप्त गर्न अस्पतालको न्युनतम सेवा मापदण्डको प्राप्तंङक (MSS) ५०-७० प्रतिसत हुनु पर्ने

छ । न्युनतम सेवा मापदण्डको प्रासंङक ०-४९ प्रतिसत भन्दा कम भएमा प्रोत्साहन सुबिधा दिईनेछैन ।

५.प्रोत्साहन सुविधा प्राप्त गर्ने आधारः यस कार्यविधि अनुसार प्रोत्साहन सुविधा देहाय बमोजिम र प्राप्त गर्ने आधार अनुसूची-१ बमोजिम हुनेछ ।

(१) विशेषज्ञ चिकित्सक, मेडिकल अधिकृत, यस कार्यविधि बमोजिम प्राप्त गर्ने प्रोत्साहन भत्ता अनुसूची- १ बमोजिमका सूचक (Indicator) को आधारमा शुरु तलवमानको दुई सय प्रतिशतसम्म हुनेछ साथै स्वास्थ्यकर्मी र कर्मचारीको १०० प्रतिशत सम्म हुनेछ ।
(२) गौरादह नगरपालिका वा छात्रवृत्ति करारमा आउने विशेषज्ञ चिकित्सक र चिकित्सकको हकमा मात्र प्रोत्साहन भत्ता सहित देहाय बमोजिमका थप सेवा सुविधा दिईनेछ।

(क) आवस सुविधा वापतको रकम रु. दस हजार प्रति महिना उपलब्ध गराउने।

(ख) नन्प्राक्टिस भत्ता पच्चीस हजार रुपैयाँ प्रति महिना एम.डी.जी.पी. तथा सवै रोगका विशेषज्ञ चिकित्सकहरुलाई प्रत्येक महिना उपलव्ध गराईनेछ ।

(ग) मेडिकल अफिसरको हकमा पन्ध्र हजार रुपैयाँ प्रति महिना उपलब्ध गराउने।

(घ) विशेषज्ञ चिकित्सक तथा चिकित्सकको हकमा ईन्धन खर्च वापत प्रति महिना पन्ध्र लिटर र स्टोर तथा प्रशासनका कर्मचारीहरुको हकमा नगरपालिकाबाट प्रमाणित कार्यविधि अनुसार प्रति महिना अस्पताल प्रशासनले तोके बमोजिमको ईन्धन उपलब्ध गराउने।

(ङ) "जनस्वास्थ्यतर्फका स्थायी स्वास्थ्यकर्मीहरूलाई स्वीकृत कार्यतालिका बमोजिम फिल्ड भ्रमण , घरभेट कार्यक्रम, महिला स्वास्थ्य स्वयं सेविकाको नियमित अनुगमन गर्ने कार्य र राष्ट्रिय लक्ष्य तोकिएका कार्यक्रमहरुको प्रगती र नगरपालिका स्वास्थ्य शाखाबाट तोकिएका लक्ष्यहरुमा खोप,पोषण, परिवार नियोजन, क्षयरोग/कुष्ठरोग र आमा सुरक्षा कार्यक्रम तथा अस्पतालको सबै खाले सेवामा निरन्तर संलग्न रही पूर्ण जिम्मेवारी निर्वाह गरेमा ५० प्रतिसत देखि ७० प्रतिशत सम्म प्रगती हाँसिल गरेमा मासिक एकमुष्ट रु.५,०००।- (पाँच हजार) र ७१ देखि १०० प्रतिशत लक्ष्य अनुसार प्रगती हाँसिल

गरेमा रु ८०००।- (आठहजार) प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।प्रोत्साहन भत्ता दाबी गर्दा स्वास्थ्य सूचना प्रणालीको तथ्याङ्क स्वास्थ्य शाखाबाट अनिवार्य प्रमाणित गराउनु पर्नेछ।कार्ययोजना अस्पताल स्वास्थ्य व्यवस्थापन समितबाट स्वीकृत भएको हुनु पर्नेछ। साथै २४ सै घण्टा सञ्चालन हुने अस्पतालका अन्य सेवामा अतिरिक्त समय र सार्वजनिक बिदाको दिनमा काम गरेबापत प्रचलित दरअनुसार अतिरिक्त भत्ता समेत उपलब्ध गराइनेछ।

(च)यो सुबिधा आ.ब. २०८२/८३ को साउन महिना देखि गणना गरि एक्मुस्ठ उपलब्ध गराइनेछ ।

(छ) अस्पतालमा कार्यरत करार सेवाका कर्मचारीकोहकमा करार सेवा सम्झौतामा उल्लेख भएको घर बिदा खर्च नगरी संचित भएमा आर्थिक बर्सको अन्त असार मसान्तमा एकमुस्ठ संचित बिदाको दिन गणना गरि खाईपाई आएको तलब लाई दिनमा हिशाब गरि उपलब्ध गराइनेछ ।

(ज) नेपाल सरकारबाट छात्रवृति करारमा संघीय स्वास्थ्य मन्त्रालय र प्रदेश स्वास्थ्य मन्त्रालयबाट यस अस्पतालमा खटीई आउने विशेषज्ञ चिकित्सकहरुको हकमा नगर अस्पतालमा यसै कार्यविधिको दफा-३ बमोजिम नियमानुसार खटिएको रुजु हाजिरी अनुसार प्रोत्साहन भत्ता बापत (खाना, आवास, सञ्चार र ईन्धन खर्च) मासिक एकमुष्ट एकलाख रुपैयाँसम्म प्रदान गर्न सकिनेछ।

(झ) बिभिन्न मेडिकल ईन्स्टिच्यूट तथा मेडिकल कलेजबाट अस्पतालमा आवस्यक जनशक्तिहरु (स्वास्थ्य, सूचना प्रविधि, बायोमेडिकल, ईलेक्ट्रिसियन, खाद्य प्रविधि (Food Technology) विषयमा अध्ययन पूरा गरी आएका प्रशिक्षार्थी विद्यार्थीहरुको हकमा खाना, खाजा, तथा आवास सुविधाको लागि यसै कार्यविधिको दफा-३ बमोजिम नियमानुसार रुजु हाजिरी हेरी मासिक एकमुष्ट बीस हजार रुपैयाँ सुविधा प्रदान गर्न सकिनेछ ।

५. प्रोत्साहन सुविधा प्राप्त गर्ने आधारः यस कार्यविधि अनुसार प्रोत्साहन सुविधा पाउने आधार अनुसूची- १ बमोजिम हुनेछ ।

६. अभिलेख व्यवस्थापनः

कर्मचारीहरुको कामकाजको अभिलेख देहाय बमोजिम राख्नु पर्नेछ-

(क) अस्पतालभित्रका सम्बन्धित शाखा प्रमुखले अनुसूची- १ बमोजिमको सूचक खुल्ने गरी कर्मचारीको कामको डयुटी रोष्टर तयार गरी अभिलेख राख्नु पर्नेछ।

(ख) अस्पताल प्रमुखले साप्ताहिक चक्रीय आधारमा ड्युटी अफिसर तोक्नु पर्नेछ ।

(ग) अस्पतालको कामको लागि कार्यालय समयमा अस्पताल बाहिर जानुपर्ने अवस्थामा कार्यालय प्रमुखको स्वीकृति लिई अभिलेखमा जनाउनु पर्नेछ ।

(घ) झुट्टा वा नक्कली विवरण पेश गरी अतिरिक्त सुविधा लिएको पाईएमा सरकारी बाँकी सरह असुलउपर गरी सम्बन्धित कर्मचारी, विवरण रुजु गर्ने कर्मचारी र कार्यालय प्रमुख समेतलाई प्रचलित कानुन बमिजिम कारवाही हुनेछ ।

(ङ) कर्मचारीले अस्पतालबाट प्रवाह हुने सेवा अवरुद्ध नहुने गरी कानून बमोजिमको विदाको उपभोग गर्न सक्नेछन् ।

७. काज वा बिदाको जानकारी र अभिलेखः

कर्मचारीले काजमा खटिनु अघि र विदा बस्नु अघि सम्बन्धित अधिकारीबाट काज वा बिदा स्वीकृत गराई प्रशासन शाखामा जानकारी दिनु पर्नेछ ।

८. अस्पतालले पालना गर्नुपर्ने व्यवस्थाः

अस्पतालले ऐन तथा नियमावलीमा उल्लेखित व्यवस्थाको अतिरिक्त देहायका व्यवस्था समेत पुरा गर्नुपर्नेछ-

(क) बहिरंग सेवाको टिकट काउन्टर अगाडि अस्पतालका चिकित्सकबाट प्रदान गरिने सेवाको समय सबैले देख्ने गरी सुशासन ऐन तथा नियमावली, २०६४ र २०६५ बमोजिमको ढाँचामा नागरिक वडापत्रमा उल्लेख गरी राख्नु पर्नेछ ।

(ख) अस्पतालले सेवाग्राहीहरुको व्यवस्थापन गर्नुपर्ने ।

(ग) असक्त तथा बृद्ध-बृद्धालाई पहिलो प्राथमिकता दिई सेवा प्रदान गर्ने।

(घ) अस्पताल परिसरको पूर्ण सरसफाई गराउने र फोहोरको उचित व्यवस्थापन गर्नुपर्ने।

(ङ) सेवा प्रवाहको सम्बन्धमा सेवाग्राहीको गुनासो व्यवस्थापन गर्न सुझाव पेटिकाको व्यवस्था गरी प्राप्त सुझाव तथा गुनासो उपर नियमित सुनुवाई गर्नुपर्ने।

९. सेवाको समयः

नगर अस्पतालको सेवाको समय देहाय बमोजिम तोकिएको छ-

क. ओ.पि.डी. पूर्जा काट्ने समय माघ १५ देखि कार्तिक १६ सम्म बिहान ७:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म र कार्तिक १६ गतेदखि माघ १५ गतेसम्म बिहान ८:०० बजेदेखि २:०० बजेसम्म।

ख. नियमित औषधि वितरण सेवा विहान ७:०० बजेदेखि दिनको ५:०० बजेसम्म र रेफर सेवा बिहान १०:०० बजेदेखि दिनको ३:०० बजेसम्म सञ्चालन हुनेछ। ईमर्जेन्सी सेवा २४सै घण्टा सञ्चालन हुनेछ।

१०. कर्मचारीले पालना गर्नुपर्ने व्यवस्थाहरुः प्रचलित कानूनद्वारा निर्धारित व्यवस्थाका अतिरिक्त प्रोत्साहन सुविधा पाउने व्यक्तिले देहायका व्यवस्था पालना गर्नु पर्नेछ-

(क) नियमित रुपमा बायोमेट्रिक ई-हाजिरी र हाजिरी पुस्तिकामा उपस्थित जनाउनु पर्नेछ साथै बिदा र काजको विवरण विद्युतीय हाजिरीमा प्रविष्टि गर्नु पर्नेछ ।

(ख) बिरामीको परीक्षण गर्ने चिकित्सकले बिरामीको प्रेस्क्रिप्सनमा नाम र काउन्सिल दर्ता नं. स्पस्ट उल्लेख गर्नु पर्नेछ ।

(ग) बिरामी तथा कुरुवाहरुलाई शिष्ट, नम्र तथा सेवाभावको व्यवहार गर्नुपर्ने।

(घ) अस्पतालले तोकेको समय सेवा प्रवाहमा संलग्न हुनुपर्ने ।

(ङ) विरामी पूर्जामा औषधिको नाम लेख्दा Nepal Medical Council ले तयार गरेको Code of Ethics & Professional Conducts को दफा- ४ मा उल्लेखित Duties of medical practitioner सम्बन्धी आचारणको बुँदा नं.- F बमोजिम सर्बसाधारणले समेत बुझ्ने गरी अंग्रेजी भाषाको ठुलो अक्षर (BLOCK LETTER) मा लेख्नु पर्नेछ ।

११. प्रोत्साहन भत्ता नपाउनेः

देहायको अवस्थामा यस कार्यविधि अनुसार प्रदान गरिने प्रोत्साहन सुविधा प्रदान गरिने छैन ।

(क) पाँच दिनभन्दा बढी दैनिक तथा भ्रमण खर्च पाउने गरी काजमा खटिएको अवस्थामा ।

(ख) सेवाकालीन तालिम वा अन्य यस्तै प्रकारको क्षमता अभिवृद्धि सम्बन्धी तालिम, गोष्ठीमा पाँच दिन वा सोभन्दा बढी अवधिका लागि खटिएमा ।

(ग) सेवाग्राहीसँग असल व्यवहार नगरेको प्रमाणित भएमा ।

(घ) सेवाग्राहीको गुनासो छानविन गर्दा बदनियतपूर्वक काम गरेको पाईएमा ।

(ङ) माथिल्लो अधिकारीले दिएको आदेश पालना नगरेमा ।

(च) बिना सूचना कार्यालयमा अनुपस्थित वा उपस्थित भए पनि ई-हाजिरीमा हाजिर नगरेको पाईएमा ।

(छ) गौरादह नगरपालिकाबाट अस्पातालमा कामकाज गर्न खटाइएको सम्बन्धी मिति खुल्ने पत्र वा निर्णय समाबेश नभएमा।

- अस्पतालको आवासमा बसेको कर्मचारीले यस बमोजिमको ईन्धन सुविधा पाउने छैन ।
- श्रीमान् श्रीमती दुवैजना कार्यरत रहेमा एक जनाले मात्र यो सुविधा पाउनेछ ।
- नगर अस्पतालको ५ कि.मी. क्षेत्रभित्र घर भई अस्पतालमा कार्यरत व्यक्तिले ईन्धन र आवास सुविधा पाउने छैन ।
- सुविधा उपलब्ध गराउँदा नियम बमोजिम कर कट्टा गरिनेछ ।
- अनुसूची- २ बमोजिमको सुविधा दिनको एक सिफ्टभन्दा बढी हुने छैन ।
- कार्यालय समय/नियमित सिफ्ट ड्यूटी भन्दा अघि वा पछि अतिरिक्त कामको मात्र समय गणना हुनेछ । तोकिएको सिफ्ट/डियूटी समयभन्दा ढिला गरी आउने र तोकिएको समयभन्दा पछि जाने प्रयोजनमा जम्मा दैनिक घण्टा पुर्याउन पाईने छैन।
- अतिरिक्त समय काम गर्नुपर्ने भएमा सोको आधार र कारण सहितको विवरण खुलाई लेखा उत्तरदायी अधिकृत/कार्यालय प्रमुखले प्रमाणित गर्नु पर्नेछ ।
- प्रति सिफ्ट रकमलाई अधार मानी प्रतिघन्टा रकम निर्धारण गर्न सकिनेछ तर एक दिनमा २ घण्टाभन्दा कम समय काम गरेकोमा सुविधा प्रयोजनका लागि उक्त समय गणना गरिने छैन ।
- यस बमोजिम सुविधा प्रयोजनको लागि अतिरिक्त समय अस्पतालमा उपस्थित भई काम गरेको विद्युतीय हाजिरी प्रमाणित हुनु पर्नेछ ।

१२. बाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्थाः यस कार्यविधि कार्यन्वयनामा बाधा उत्पन्न भएमा कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

१३. अस्पताल व्यवस्थापन तथा सञ्चालन समिति बैठक भत्ता

- स्वास्थ्य व्यवस्थापन समितिको बैठक बसेको दिनको भत्ता रकम रु१५ .०० -/ कायम गरिनेछ ।

अनुसूची -१

(दफा ५ संग सम्बन्धित)

प्रोत्साहन भत्ता उपलब्ध गराउने आधार सुचकको विवरण

सि. नं.	सूचक	भार	पुरा अंक प्राप्त गर्न आवस्यक न्यूनतम संख्या	कैफियत
१	नियमित समयमा हाजिरी	२०	प्रति महिना २० दिन	अस्पताल प्रमुखबाट प्रमाणित भएको हुनु पर्नेछ
२	वार्ड वा इमर्जेन्सी राउण्ड	२०	दिनको २ पटक महिनामा ५० पटक	
३	On Call अथवा On Day सेवामा खटिने	२०	प्रत्येक हप्तामा २ पटकसम्म	अस्पताल प्रमुखबाट प्रमाणित भएको हुनु पर्नेछ
४	बिरामी परीक्षण पश्चात् सम्बन्धित रजिस्टरमा उपचार विवरण उल्लेख गरेको ।	१०	बिरामी अभिलेखको रजिस्टरमा उल्लेख हुनुपर्ने	सबै कर्मचारी
५	सबै कर्मचारीको Duty Roster तयार गरी माथिल्लो निकायमा नियमित प्रतिबेदन प्रेषित गरेको	१०	आबधिक रुपमा कार्यरत संस्थाले प्रतिबेदन गर्ने गरेको	अस्पताल प्रमुखबाट प्रमाणित भएको हुनु पर्नेछ

६	मासिक, त्रैमासिक र बार्षिकरेकर्डिङ/ रिपोर्टिङ्ग	१०	मासिक, त्रैमासिक र बार्षिकरुपमा प्रतिबेदन पेश गरेको तथा वेवसाईटमा प्रकासन गरेको हुनुपर्ने	
७	३-५ प्रकारका सेवा बिस्तार वा EHSसञ्चालन गरेको	५	सर्बाजानिक बिदाको दिन बाहेक हरेक दिन	
८	न्यूनतम सेवा मापदण्ड (MSS) अर्धवार्षिक/वार्षिक	५	मूल्याङ्कनमा ८० प्रतिशत भन्दा वढी हुनुपर्छ	

अनुसूची-२

अतिरिक्त समय, खाजा, रात्रीकालीन अतिरिक्त भत्ता र सार्बजनिक बिदाको दिन काम गरेवापतको भत्ता रकम देहाय बमोजिम हुनेछ-

सि. नं.	तह	पद	प्रति शिफ्ट रु.	खाजा खर्च	रात्रीकालीन खर्च रु.
१	नवौं/ दशौं	विशेषज्ञ चिकित्सक/मे.सु.	१७००।-	२००	२००
२	आठौं	मे.अ.	१५००।-	२००	२००
३	छैठौं/सातौं	पारामेडिक्स	१२००।-	१००	१००
४	पाचौं	प्राबिधिक/अप्राबिधिक	८००।-	१००	१००
५	चौथौं	प्राबिधिक /अप्राबिधिक	७००।-	१००	१००
६	श्रेणी बिहिन	का.स./सरसफाईका कर्मचारीहरु	५००।-	१००	१००

आज्ञाले

कृष्ण प्रसाद सुवेदी

प्रमुख प्रशासकीय अधिकृत